## जातीय समानताको बढावाको निम्ति
## विद्यमान तथा योजनाबद्ध उपायहरू

### लिजर एण्ड कल्चरल सर्भिसेज डिपार्टमेन्ट

लिजर एण्ड कल्चरल सर्भिसेज डिपार्टमेन्ट (LCSD) ले विश्वस्तरीय शहर र अवसरहरूको राजधानीहरूको रूपमा हङकङको विकास गर्नको लागि गुणस्तरीय लिजर र सांस्कृतिक सेवाहरू प्रदान गर्न प्रतिबद्ध छ। सर्वसाधारणको विभिन्न जातीय पृष्ठभूमिका बाबजुद, हामी उनीहरूलाई समान रुपमा सेवाहरूको पहुँच सुनिश्चित गर्न ठूलो महत्त्व दिन्छौ।

| | |
|---|---|
| सम्बन्धित सेवाहरु | • सर्वसाधारणले मनोरन्जन र खेलकुद सुविधाहरू बुक गर्न सक्छन् र मनोरन्जन र खेलकुद कार्यक्रमहरूको बुकिंग काउन्टरहरूमा दर्ता गर्न सक्छन्, बक्स अफिसमा सांस्कृतिक कार्यक्रमको टिकट खरिद गर्न सक्छन् साथै खेलकुद तथा सांस्कृतिक स्थल र साथै डिस्ट्रिक्ट लिजर सर्भिसेस कार्यालयहरूको सुविधाहरू किरायामा लिन सक्कुहुन्छ। यी सेवाहरू दुवै चिनियाँ र अंग्रेजीमा प्रदान गरिनेछ। <br> • सर्वसाधारणहरूले हाम्रो सेवाहरू सम्बन्धित सोधपुछ र उजुरीहरु, चिनियाँ वा अंग्रेजीमा, हाम्रो स्थलको सोधपुछ काउन्टर (सांस्कृतिक गतिविधिको स्थल) /बुकिंग काउन्टरहरूमा (लिजरको लागि स्थलहरु) र डिस्ट्रिक्ट लिजर सर्भिसहरुको कार्यलयमा गर्न सक्दछन्। <br> • LCSD को वेबसाइटमा हाम्रा सेवाहरू र सुविधाहरू बारे जानकारी दुवै चिनियाँ र अंग्रेजीमा उपलब्ध छ। लिखित सामग्रीहरू जसमा प्रचार सामग्री र कार्यक्रम बारे जानकारीहरू चिनियाँ र अंग्रेजीमा पनि उपलब्ध छन्। |
| विद्यमान उपायहरु | • आवश्यक र उपयुक्त भएमा अल्पसंख्यक जातीयहरुको लागि केन्द्र (CHEER) बाट दोभाषे सेवा प्रदान गर्नका लागि प्रबन्ध मिलाउन |

सहयोग गरिनेछ। CHEER ले आठवटा भाषाहरुमा टेलिफोन दोभाषे सेवाहरू प्रदान गर्दछ जसमा बहासा ईन्डोनेशिया, हिन्दी, नेपाली, पन्जाबी, उर्दू, तागालग, थाई तथा भियतनामी पर्दछन्।

- विविध जातिका व्यक्तिहरूलाई भाषा सेवाहरूको उपलब्धता बारे जानकारी प्रदान गर्नको लागि हाम्रो स्थलको सोधपुछ काउन्टर (कल्चरल स्थलहरूको लागि)/ बुकिंग काउन्टरहरूमा (लिजर स्थलहरूको) साथै डिस्ट्रिक्ट लिजर सर्भिसेजको कार्यालयमा सूचना राखिएको छ। हाम्रो कर्मचारीहरूलाई उचित भाषा सेवा प्रदान गर्न सहयोग पुर्याउनको निम्ति संचार सहायता जस्तै भाषा पहिचान कार्ड उपलब्ध गराईएको छ ।

भावी कार्यको मूल्यांकन

- भाषा सेवाहरूको प्रावधानको समीक्षा र थप सुधार गर्नको लागि फ्रन्टलाइन स्टाफको अनुभव र अवलोकन रेकर्ड गर्न टेम्प्लेट तयार गरिएको छ।

- विविध जातिका व्यक्तिहरूबाट आएका प्रतिक्रिया/ सुझावहरू रेकर्ड गरिनेछ र आवश्यक र उपयुक्त भएमा थप सुधारको लागि विचार गरिनेछ।

लिइएको / लिनुपर्ने थप उपायहरु

- आम जनताको चासो भएका लिखित सामग्री, साथै ई-संस्करणहरू, अन्य भाषाहरु लगायत चाईनिज तथा अंग्रेजीमा अनुवाद गर्नको लागि ध्यान दिइन्छ। LCSD ले सात वटा भाषा जस्तै हिन्दी बहासा ईन्डोनेशिया, नेपाली ,उर्दू, तागालग, थाई र भियतनामीमा जल सुरक्षा सुझाव बारे अनुवाद गरेको छ,जुन LCSD को वेबसाइटमा अपलोड गरिएको छ।

- सर्वसाधारणहरूले उनीहरूको जातिय पृष्ठभूमिको बाबजुद, सबै सेवाहरुको समान पहुँच सुनिश्चित गर्नका लागि विभागले लिएको कदमहरु पूर्ण रुपमा बुझाउने उद्देश्यले कर्मचारीलाई उचित प्रशिक्षण प्रदान गर्नको लागि LCSD ले समान अवसर आयोग, निजामती सेवा महाविद्यालय र अन्य गैर-सरकारी संस्थाहरुसँग सम्पर्क राख्नेछ ।

LCSD को जातीय समानताको बढावाको निम्ति विद्यमान तथा योजनाबद्ध उपायहरु सम्बन्धी सोधपुछ गर्न, कृपया मिस अमान्डा सो, कार्यकारी अधिकृत (जेनरल) 3 लाई सम्पर्क गर्नुहोस् ।

टेलिफोन नं. : 2601 8900
फ्याक्स नं. : 2603 0642
ईमेल : eog3@lcsd.gov.hk
पत्राचार ठेगाना : 13/F., Leisure and Cultural Services Headquarters,
1 – 3 Pai Tau Street, Sha Tin

**लिजर एण्ड कल्चरल सर्भिसेज डिपार्टमेन्ट**

**सक्छ 2023**